२८ पौष २०७४

# प्रेस विज्ञप्ती

**आठौ वार्षिक साधारणसभा र संचालक समितिको निर्वाचन**

जनता बैंक नेपाल लिमिटेडको आठौ वार्षिक साधारणसभा आज संचालक समितिका अध्यक्ष श्री केशवबहादुर रायमाझीको अध्यक्षतामा सम्पन्न भयो । वार्षिक साधारणसभा अमृत भोग, कालिकास्थान, काठमाडौंमा आयोजना गरिएको थियो ।

आठौं वार्षिक साधारणसभाले संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब. २०७३/०७४ को मुनाफाबाट चुक्ता पुंजीको १४.४ प्रतिशतले हुने रु. १ अर्ब ७० लाख ९१ ह्जार ९ सय ३५ शेयरधनीलाई बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गरेको छ । उक्त बोनस शेयर पछि बैंकको चुक्ता पुंजी रु. ८ अर्ब ७ पुगी नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम चुक्ता पुँजीको मापदण्ड पुरा भएको छ।

गत आ.ब. मा साविकका जनता बैंक नेपाल लि., त्रिवेणी विकास बैंक लि. र सिद्धार्थ डेभलपमेण्ट बैंक लि. एक आपसमा गाभिएर बनेको यस जनता बैंक नेपाल लिमिटेडको मर्जर पछाडीको यो पहिलो वार्षिक साधारणसभा हो । यस साधारणसभाबाट निम्न बमोजिम नयाँ संचालक समितिको सर्बसम्मत निर्बाचन समेत सम्पन्न भएको छ ।

| नव निर्वाचित संचालक | समूह |
|---|---|
| श्री केशवबहादुर रायमाझी | संस्थापक |
| श्री लंङ्ग बहादुर के.सी. | संस्थापक |
| श्री रामबहादुर भण्डारी | संस्थापक |
| श्री गौतमप्रसाद खनाल | सर्वसाधारण |
| श्री विनितकुमार अग्रवाल | सर्वसाधारण |
| श्री संजिव न्यौपाने | सर्वसाधारण |

पूर्व मेची देखि पश्चिम महाकाली सम्म शहरी तथा ग्रामीण क्षेत्रका विभिन्न स्थानहरुमा बैंकले ११३ शाखा, २६ शाखा रहित बैंकिङ्ग, २ सीमित बैंकिङ्ग ईकाइ, ३ एक्सटेन्सन काउन्टर तथा ६७ एटिएमहरु र १०२९ कर्मचारीहरु मार्फत बैंकले ५ लाख भन्दा बढी ग्राहकलाई सेवा पुऱ्याउदै आइरहेको छ । यसै आर्थिक बर्ष भित्र मर्जर पश्चात दोहोरिएका शाखाहरुको स्थानान्तरण तथा थप नयाँ शाखा समेत गरी शाखा संजाल १२४ पुऱ्याउने लक्ष रहेको छ । बैंकको हाल रु. ५२ अर्ब १७ करोड निक्षेप र रु. ४८ अर्ब ३९ करोड कर्जा कारोवार रहेको छ।

अजयकुमार मिश्र
नायब प्रमुख कार्यकारी अधिकृत